# मादी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: १
संख्या: ३
मिति: २०७४।११।०१

# भाग-२

## मादी नगरपालिकाद्वारा प्रकाशित

## मादी नगरपालिका स्तरीय परीक्षा सञ्चालन सम्बन्धी कार्यविधि, २०७४

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची-८ ले व्यवस्था गरेको स्थानीय तहको अधिकार, शिक्षा ऐन २०२८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-३, बुदाँ नं. १४ समेतको अधिनमा रही मादी नगरपालिका क्षेत्र भित्रको आधारभूत तह (कक्षा-८) को परीक्षा मर्यादित, व्यबस्थित र स्वच्छ वातावरणमा सञ्चालन तथा व्यवस्थापन गर्न मादी नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१
## सङ्क्षिप्त नाम, प्रारम्भ, परिभाषा र उद्देश्य

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "नगरपालिका स्तरीय परीक्षा सञ्चालन कार्यविधि २०७४" रहेको छ ।

(२) यो कार्यविधि मादी नगर कार्यपालिकाले स्वीकृत गरेपछि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले कर्ओ नलागेमा यस कार्यविधिमा :

क) "ऐन" भन्नाले शिक्षा ऐन २०२८ लाई सम्झनु पर्दछ ।

ख) "नियमावली" भन्नाले शिक्षा नियमावली २०५९ लाई सम्झनु पर्दछ ।

ग) "नगरपालिका" भन्नाले मादी नगरपालिका सम्झनु पर्दछ ।

घ) "नगर कार्यपालिका" भन्नाले मादी नगर कार्यपालिका सम्झनु पर्दछ ।

ङ) "परीक्षा" भन्नाले आधारभूत तह (कक्षा-८) परीक्षा सम्झनु पर्दछ ।

च) “समिति” भन्नाले आधारभूत तह (कक्षा-८) परीक्षा समितिलाई सम्झनु पर्दछ ।

छ) “स्रोतकेन्द्र” भन्नाले मादी माध्यमिक विद्यालय मादी स्रोतकेन्द्रलाई सम्झनु पर्दछ ।

ज “विद्यालय” भन्नाले नेपाल सुकारबाट अनुमति वा स्वकृति प्राप्त कक्षा-८ संचालन भएका सामुदायिक वा संस्थागत विद्यालयलाई सम्झनु पर्नेछ ।

**३. उद्देश्यः** मादी नगरपालिका क्षेत्र भित्रको आधारभूत तह (कक्षा-८) को परीक्षा मर्यादित, व्यवस्थित र स्वच्छ वातावरणमा सञ्चालन तथा व्यवस्थापन गर्ने ।

नोटः- साथै नगरपालिका स्तरीय परीक्षा समितिले अन्य कक्षाका परीक्षाहरु समेत आवश्यकता अनुसार नगरपालिका स्तरमा सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-२

## परीक्षा सञ्चालन समिति सम्बन्धी व्यवस्था

४. नगरपालिका स्तरीय आधारभूत तह (कक्षा-८) को परीक्षा मर्यादित, व्यवस्थित र स्वच्छ वातावरणमा सञ्चालन तथा व्यवस्थापन गर्न देहायका सदस्यहरु रहेको एक समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत (मादी नगरपालिकाको कार्यालय) अध्यक्ष

ख) सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापक मध्येबाट १/१ जना पर्ने गरी नगर कार्यपालिकाले मनोनित गरेको-३ जना सदस्य

ग) स्रोत व्यक्ति (मादी स्रोतकेन्द्र) - सदस्य सचिव

**पुनश्चः** नगर शिक्षा अधिकृत खटाइ आएको खण्डमा नगर अधिकृत सदस्य सचिव र स्रोत व्यक्ति सदस्य हुने र माथि खण्ड (ख) २ जना प्रधानाध्यापक मात्र रहने छन् ।

## परिच्छेद-३

## परीक्षा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

**५. परीक्षा संचालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

क) परीक्षालाई मर्यादित र व्यवस्थित रुपमा सञ्चालन गर्न विद्यालयलाई निर्देशन दिने ।

ख) परीक्षा समितिबाट निर्मित परीक्षा कार्य तालिका स्वीकृत गर्ने ।

ग) विषय शिक्षक छनौट गरी प्रश्न पत्र निर्माण गर्न लगाउने ।

घ) बिशिष्टिकरण तालिकाको आधारमा पश्न पत्र तयार गर्न विज्ञहरुको सहयोग लिई परिमार्जन गर्न सक्ने ।

ङ) मार्क/ग्रेड लेजरको व्यवस्था गर्ने ।

च) परीक्षामा उत्तीर्ण विद्यार्थीहरुका लागि प्रमाण पत्र र मार्क/ग्रेड सिटको व्यवस्था गर्ने ।

छ) परीक्षा केन्द्र तथा केन्द्राध्यक्ष तोक्ने ।

ज) परीक्षाफल प्रकाशन सम्बन्धी मापदण्ड तयार गर्ने ।

झ) परीक्षाको नतिजा प्रमाणीकरण गर्ने र अभिलेख सुरक्षित राख्ने ।

ञ) परीक्षाको अनुगमन गर्ने ।

## परिच्छेद-४
## प्रश्न पत्र सम्बन्धी व्यवस्था

**६. परीक्षा समय र प्रश्न पत्रः** (१) परीक्षा सञ्चालन परीक्षा समितिले तय गरेको समय तालिका बमोजिम हुनेछ ।

२) प्रश्न पत्र निर्माणमा प्रधानअध्यापक, प्रश्न निर्माण कर्ता, शिक्षक तथा परीक्षा समिति जिम्मेवार, उत्तरदायी र जवाफदेही हुनेछ ।

३) प्रश्न पत्रको गोपनियता भंङ्ग भएमा गोपनियता भंङ्ग गर्ने उपर ऐन तथा नियमावली बमोजिम कार्वाही हुनेछ ।

४) प्रश्न पत्र निर्माण गर्दा समितिले व्यवस्थित विधि अपनाउनु पर्नेछ ।

५) प्रश्न पत्रको आवश्यकता अनुसार परिमार्जन तथा शुद्धि अनिवार्य गर्ने वा गराउने व्यवस्था हुनु पर्नेछ ।

६) प्रश्न पत्र पाठ्यक्रमले तोकेको विशिष्टिकरण तालिका बमोजिम निर्माण गर्नेछ ।

७) हालको वाह्य परीक्षामा सैद्धान्तिक खण्डको सत प्रतिशत पूर्णाङ्कमा प्रश्न पत्र निर्माण गरिने छ ।

८) प्रश्न पत्र समयमा नै सम्बन्धित विद्यालयमा पुर्‍याउने व्यवस्था समितिले गर्नुपर्ने छ ।

९) कुनै कारणबाट प्रश्न पत्र बाहिरिएमा वा चोरी भएमा पुन परीक्षाको व्यवस्था गर्नु पर्नेछ । त्यस्तो अवश्था सृजना भएको जानकारी तुरुन्त समितिमा गराउनु पर्नेछ ।

## परिच्छेद-५
## परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था

**७.परीक्षा केन्द्र र संचालनः** (१) परीक्षा केन्द्र सम्बन्धित विद्यालयमा वा परीक्षा समितिले तोकेको विद्यालयमा रहनेछ ।

२) आधारभूत तह (कक्षा-८) को परीक्षाको परीक्षार्थीहरुको बसाई व्यवस्था अन्य कक्षाका परीक्षार्थीहरु सँग मिसाएर राख्ने व्यवस्था गर्नु पर्नेछ ।
३) परीक्षा निरीक्षकहरुको व्यवस्था केन्द्राध्यक्षले सम्बन्धित विद्यालयका शिक्षकहरु मध्येबाट गर्नु पर्नेछ ।
४) परीक्षार्थीले परीक्षाको नियम उल्लेङ्घन गरेमा केन्द्राध्यक्षले निस्कासन समेत गर्न सक्नेछ ।
५) उत्तर पुस्तिकामा केन्द्राध्यक्ष र निरीक्षकको हस्ताक्षर अनिवार्य हुनु पर्नेछ ।
६) परीक्षार्थीको हाजिरी १ प्रति विद्यालयमा रेकर्ड रहने र अर्को प्रति फाइल गरी एकमुष्ट रुपमा परीक्षा समितिमा पठाउने व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद-६
## उत्तर पुस्तिका परीक्षण तथा नतिजा प्रकाशन सम्बन्धी व्यवस्था

**८. परीक्षण:** १) उत्तर पुस्तिका परीक्षण केन्द्र सम्बन्धित विद्यालयमा वा आवश्यक परेमा आंशिक वा पूर्ण विषयहरुका उत्तर पुस्तिका स्रोतकेन्द्रमा परीक्षण तथा सम्परीक्षण गर्न सकिनेछ ।
२) परीक्षण गरिएका उत्तर पुस्तिका सम्बन्धित विद्यालयले ६ महिनासम्म सुरक्षित राख्नु पर्नेछ ।
३) उत्तर पुस्तिका परीक्षणको अन्य व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।
४) उत्तर पुस्तिका परीक्षणको पारिश्रमिक बापतको रकम समितिले तोके बमोजिम हुनेछ ।
६) सबै विषयहरुमा प्रयोगात्मक तथा सैध्दान्तिकको वाह्य र जम्मामा ४० प्रतिशत उत्तीर्ण अङ्क अनिवार्य रुपमा प्राप्त गरेको हुनु पर्नेछ ।

## परिच्छेद-७
## प्रमाणीकरण सम्बन्धी व्यवस्था

**९. प्रमाणिकरण:** १) परीक्षा समितिको छाप अनुसूचि १ बमोजिम हुनेछ ।

२) प्रमाण पत्रलाई निर्धारित ढाँचामा सफ्टवेयरको विकास गरी/गराई विद्युतीय छपाईको सहजीकरण समितिले गर्नेछ ।

३) परीक्षाका लागि आवश्यक अभिलेख, तथ्याङ्क विवरण तथा प्रमाणीकरणको प्रक्रिया सम्बन्धी व्यवस्थापन परीक्षा समितिले गर्नेछ ।

४) विद्यालयले लिखित तथा प्रयोगात्मक लिई उक्त परीक्षाको प्राप्ताङ्क ७ दिन भित्र तोकिएको ढाँचामा मार्क लेजर, ग्रेड लेजर र ग्रेडसिट नगरपालिका परीक्षा समितिबाट प्रमाणित गराउनु पर्नेछ ।

५) मार्क/ग्रेड लेजर र कार्म/ग्रेड सिट विद्यालयबाट रुजु तथा प्रमाणित गरी समितिबाट समेत रुजु गरी प्रमाणित गरे पछि मात्र वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद-८
## कोष, बजेट तथा शुल्क सम्बन्धी व्यवस्था

**१०. कोष संचालन:** १) परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न परीक्षा समितिले एक कोषको व्यवस्था गर्नेछ । उक्त कोषको व्यवस्थापन नियमानुसार सञ्चालन हुनेछ ।

२) उक्त कोषमा देहाय बमोजिमको रकम रहनेछ ।

क) नेपाल सरकार (संघीय तथा प्रदेश) बाट प्राप्त अनुदान रकम

ख) नगरपालिकाबाट प्राप्त अनुदान रकम

ग) जिल्ला शिक्षा कार्यालय बाट प्राप्त अनुदान रकम

घ) संस्थागत विद्यालयबाट प्राप्त रकम

ङ) अन्य संस्था/दाताहरुबाट प्राप्त रकम

३) परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्था उपदफा (२) बमोजिम हुनेछ ।

४) परीक्षा तथा प्रमाण-पत्र शुल्क समितिले तोके बमोजिम हुनेछ ।

५) कोषको आम्दानी र खर्च व्यवस्थापन समितिको निर्णय अनुसार हुनेछ ।

६) प्राप्त बजेट तथा सङ्कलित शुल्कलाई नियमानुसार अभिलेखिकरण र व्यवस्थित गर्ने प्रावधान प्रचलित व्यवस्था अनुसार गरिनेछ ।

## परिच्छेद-९
## विविध

**११. यसै बमोजिम भएको मानिने:-** यो कार्यविधि जारी हुनु पूर्व भएका कक्षा-८ को जिल्ला स्तरीय परीक्षा सम्बन्धी
सम्पूर्ण कार्य प्रक्रियाहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**१२. मान्य हुने:-** यो कार्यविधिका प्रावधानहरुका सम्बन्धमा कुनै अन्योल तथा द्विविधा उत्पन्न भएमा समितिको व्यवस्था नै मान्य र अन्तिम हुनेछ ।

**१३. कारवाही व्यवस्था:-** यो कार्यविधि विपरित हुने गरी परीक्षा सम्बन्धी कार्य गरेको पाईएमा प्रचलित कानून बमोजिम कार्वही हुनेछ ।

**१४. अधिकार प्रत्यायोजन:-** समितिले माथि उल्लेख भएका मध्ये सबै वा केही अधिकारहरु सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

# अनुसूचि-१
## दफा (९) को उपदफा (१) सँग सम्बन्धित
## परीक्षा समितिको छाप

नगर स्तरीय परीक्षा समिति
आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षा

स्था: २०७४
मादी नगरपालिका, संखुवासभा
प्रदेश नं. १, नेपाल

**परीक्षा समितिको छाप वनाउने तरीका**

क) माथिल्लो भागको पहिलो लाईनमा “नगर स्तरीय परीक्षा समिति” र दोस्रो लाईनमा “आधारभूत तह कक्षा-८ उत्तीर्ण परीक्षा” लेखिने छ ।

ख) बिच भागमा षटकोण भित्र पुस्तकको लोगो हुनेछ ।

ग) षटकोणको तल स्थापना मिति २०७४ हुनेछ ।

घ) तल्लो भागमा मादी नगरपालिका, संखुवासभा हुनेछ तथा त्यो भन्दा तल्लो भागमा प्रदेश नं. १, नेपाल लेखिनेछ ।

ङ) छाप अंग्रेजी र नेपाली दुवै भाषामा छुट्टा छुट्टै हुनेछ ।

आज्ञाले,
आनन्द राज पोखरेल
प्रमुख प्रशासकीय अधिकृत